ADDCN ई बुलेटिन
Association of District Development Committees of Nepal
जिल्ला विकास समिति महासंघ नेपाल
Vol. 5 [Issue – III] (जिल्ला विकास समिति महासंघ नेपालको ई-बुलेटिन) E-bulletin, 2016 March. [2072 Chaitra]

# Implementing Federal Governance – Comparative Experiences in Intergovernmental Relations and Fiscal Federalism




Association of DDCs of Nepal co-organized and interaction program on 9th March, 2016 in Hotel Yak and Yeti, Darabar Marg Kathmandu as citizen forum with collaboration of Forum of Federation, Canada on "Implementing Federal Governance – Comparative Experiences in Intergovernmental Relations and Fiscal Federalism." In citizen forum parliamentarians, former parliamentarians, bureaucrats, scholars of decentralization and federalism, members, staffs and office bearers of LG associations, journalists, lawyers and students and teachers were participants. Krishna Prasad Jaishi, spokesperson of ADDCN had facilitated one of the session where following presentators had shared their best knowledge and practices. Simultaneously, Forum of Federation had co-organized interaction program with women and lawyers separately on the same date and venue parallel.

**Among the 10 Board members of Forum of Federation, Mr. Prof. Georg Milbradt,** Chairman of the board of the Forum of Federations. Recently he has been appointed as Vice-President of the independent advisory Committee of the German Stability Council and his political career includes being Minister-President of the Federal Free State of Saxony and chair of Saxony's Christian Democratic Union, he has been a member of the German *Bundesrat* as well as the Parliament of Saxony, Minister of Finance for the State of Saxony, treasurer of the City of Münster and was a member of the German Parliament's Conciliation Committee was one of presentators.

**Ms. Naini Jayaseelan** Secretary, Inter-State Council Secretariat, Government of India, was another presentator, who had shared experiences in India on intergovernmental relation.

**Rupak Chattopadhyay [President and CEO]** holds master's degrees in economics and political science from the University of Ottawa and the University of Illinois (Urbana-Champaign) and did his doctoral work in political science at the University of Toronto who was previously Director of Asia-Pacific Programs and Senior Director of Global Programs, a member of the Consultative Group on the Study of Intergovernmental Relations and Dispute Resolution Mechanisms, Inter-State Council, Government of India, In 2004 he was Advisor to the Chairman of the Observer Research Foundation. Over the last decade he has contributed as an expert in support of political and constitutional reforms in Mexico, Myanmar, Philippines, Nepal, Sri Lanka, Tunisia and Yemen, who has edited/co-edited collections include, "Unity in Diversity: Learning from Each Other" (Viva Books 2008), "Dialogues on Diversity and Unity in Federal Countries" (MQUP 2009), "Finance and Governance of Capital Cities in Federal System", (MQUP 2009) and 'Governance and Finance of Metropolitan Area in Federal Countries" (OUP 2013) has presented the experiences in Canada.

There were other presentations in parallel sessions of citizen forum held in the same venue in separate rooms. It has strengthened relation with Forum of Federation, Canada and capacitate the participants on the topics relevant to federalism.

# नतिजामा आधारित योजना तर्जुमा सम्बन्धी तालिमको आयोजना




संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आयोजना, युनिसेफ नेपाल तथा युएनएफपिएको आर्थिक सहयोगमा **नतिजामा आधारित योजना तर्जुमा सम्बन्धी तालिम (Result Based Planning Training)** यहि पौष २५ देखि माघ ४ सम्म संचालन गरिएको छ । उक्त तालिमको संयोजन तथा व्यवस्थापनको काम जिल्ला विकास समितिमहासँघले गरेको थियो । देशको ७५ वटै विकास समितिका स्थानीय विकास अधिकारी, योजना अनुगमन तथा प्रशासकीय अधिकृत, प्रमुख जिल्ला इन्जीनियर तथा कार्यक्रम अधिकृतहरुलाई नतिजामा आधारित योजना तर्जुमा र अनुगमन प्रक्रिया सम्बन्धी ज्ञान तथा क्षमता विकास गर्नु यस कार्यक्रमको एक मात्र उद्देश्य रहेको थियो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली, २०५६, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०६९ लगायत स्थानीय निकायहरुसँग सम्वन्धित अन्य नीति, रणनीति, कार्यविधीहरुको कार्यान्वयनको अनुगमन, मुल्यांकन, सहजीकरण, समन्वय गर्नुको साथै स्थानीय निकायहरुको क्षमता विकासका क्षेत्रमा निरन्तर कार्य गर्दै आएको छ । यस तालिमलाई यसैको निरन्तरताको एउटा कडीको रुपमा लिन सकिन्छ। योजना सम्बन्धी यिनै ज्ञान तथा सीप जिल्ला स्तरीय विकास योजना तथा कार्यक्रम निर्माण को नेतृत्व गरिरहेको जिल्ला विकास समितिका पदाधिकारीहरु (हालको अवस्थामा जिविसका अधिकारीहरु)मा हुनु वाञ्छनीय मात्र नभएर एउटा न्युनतम शर्तको रुपमा लिन सकिन्छ ।

पूर्वाञ्चलको विराटनगर (माघ ९, १० र ११), मध्यमाञ्चलको धुलिखेल (माघ १२, १३ र १४), पश्चिमाञ्चलको पोखरा(माघ ६, ७ र ८), मध्य पश्चिमाञ्चलको नेपालगञ्ज (पौष २८, २९ र ३०) र सुदुर पश्चिमाञ्चलको धनगढी(२५, २६ र २७)मा आयोजना गरिएको उक्त तालिममा स्रोत व्यक्तिहरु श्री छवि रिजाल, श्री जगन्नाथ अधिकारी, डा. प्रताप छतकुली, डा. शेषरमण न्यौपाने, श्री केशव सुवेदी र विष्णुप्रसाद नेपालको टोलीले तालिमको सहजीकरणको काम गर्नु भएको थियो ।

यसको अतिरिक्त मन्त्रालयका बरिष्ठ अधिकारीहरु, युनिसेफ नेपाल, युनएफपिएका तर्फबाट पनि सत्र सहजीकरणमा योगदान पुऱ्याउनु भएको थियो ।

शुभारम्भ सत्र, प्राविधिक सत्र र समापन गरी मूख्य तीन भागमा विभाजन गरी संचालन गरिएको उक्त कार्यक्रमहरुको शुभारम्भ सत्र तथा समापन सत्रमा मन्त्रालयका सचिव श्री माधवप्रसाद रेग्मी, सहसचिवहरु श्री रेश्मीराज पाण्डे, श्री धनवहादुर श्रेष्ठ, उपसचिवहरु श्री पुरुषोत्तम नेपाल, श्री इश्वरराज पौडेल, श्री चक्रपाणी शर्मा, श्री सुवास सिवाकोटी, श्री नरहरि भण्डारी आदिको उपस्थिति रहेको थियो । त्यसै गरी युनिसेफ नेपालका सहायक प्रतिनिधि श्री रौनक खान,

बालमैत्री स्थानीय शासन शाखा प्रमुख अञ्जली प्रधान र युएनएफपिएका क्षेत्रीय प्रतिनिधिहरुको उपस्थिति तथा महत्वपूर्ण योगदान कार्यक्रममा रहेको थियो । जिल्ला विकास समिति महासंघका अध्यक्ष श्री ऋषिराज लुम्साली, प्रवक्ता श्री कृष्णप्रसाद जैसी तथा सदस्य अर्जुन राईको पनि उक्तकार्यक्रममा उपस्थिति रहेको थियो ।

नेपालमा योजनाबद्ध विकासको क्रम शुरु भएको वि.सं.२०१३ सालदेखि हालसम्म नौवटा पञ्चवर्षीय योजना तथा तीनवटा त्रिवर्षीय योजना निर्माण भइ कार्यान्वयन आइसकेका छन् । हाल त्रिवर्षीय योजना (२०७०/७१-२०७२/७३) कार्यन्वयनमा रहेको छ । विगतका योजना हरुमा समयानुकूल विषयहरू प्राथमिकतामा पर्दै आएका छन । नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता अनुरूप दिगो विकासका लक्ष्यहरू हासिल गर्ने र सन् २०२२ सम्ममा राष्ट्रसंघद्वारा परिभाषित "अतिकम विकसित" मुलुकको दर्जाबाट स्तरोन्नति गर्ने आकांक्षाकासाथ नेपाल सरकारबाट विभिन्न स्तरमा परिणामउन्मुख गतिविधिहरु संचालन हुदै आएका छन ।

माथी उल्लेख लक्ष्यहरु हासिल गर्नेमा स्थानीय निकाय र स्थानीय स्तरमा संचालन हुने गतिविधिहरुले उल्लेखनीय रुपमा निर्भर योगदान पुऱ्याउँदछ । तसर्थ योजना तथा कार्यक्रमहरुलाई नतिजामूखी बनाउन स्थानीयतहका सरोकारवालाहरु, नागरिक, निकायहरु सम्वेदनशिलमा योजना सम्बन्धी ज्ञानको आवश्यकता तथा योजना प्रतिको प्रविद्धताको खाँचो पर्दछ । योजना तर्जुमा तथा कार्यन्वयनको क्षेत्रमा स्थानीय निकायहरुबाट पनि थुप्रै प्रशंसनीय प्रयासहरु भएका छन् । तर गरिएका प्रयासहरु व्यवस्थित र प्रणालीबद्ध गर्न नसकिएमा वा कुनै लक्ष्यहरु निर्धारण नगरी गरिएका प्रयासहरुबाट उपलब्धीहरुको मापन गर्न कठीन

हुन्छ । त्यसैले कार्यक्रम वा योजना संचालन गर्दा लक्ष्य तथा सूचकहरु निर्धारण गर्नु आवश्यक हुन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ मा प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने प्रावधान रहेको छ । यस प्रावधानलाई स्थानीय निकायको न्यूनतम सर्त तथा कार्य सम्पादन मापनको सूचकको रुपमा समेत समावेश गरिनुले जिविसको लागि आवधिक जिल्ला विकास योजना तयार गर्नुको महत्वलाई संकेत गर्दछ ।

पछिल्ला दिनहरुमा जिल्ला विकास समितिहरुले जिल्लाको समग्र विकासको लागि आवधिक जिल्ला विकास योजना (सामान्यतय ५ वर्षको) तयार गरी लागु गरिरहेका छन ।  यस्ता आवधिक योजनाहरुले जिल्लाको समष्टिगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरि दस्तावेज (document) तयार गरेका हुन्छन् । जिल्लावासीहरूको आधारभूत आर्थिक अवसरहरू तथा सामाजिक सेवाहरूमा पहुँच कसरी अभिवृद्धि गर्ने ? जिल्लाको प्राकृतिक, आर्थिक तथा सामाजिक स्रोतको दिगो उपयोग सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा निजी लगानीलाई कसरी प्रोत्साहित र निर्देशित गर्ने ? जिल्लाको वातावरण संरक्षण र सम्बर्द्धन कसरी गर्ने ? जिल्लाको आर्थिक सामाजिक विकास र जनसङ्ख्याको वितरण तथा वस्तीविकासलाई उपयुक्त दिशातर्फ कसरी प्रवाहित गर्ने ? जिल्लाको स्थानगत (spatial) स्वरूपलाई ख्याल गरी विकासमा सन्तुलन कसरी ल्याउने ? आदि जस्ता विकासका महत्वपूर्ण पक्षहरूका सम्बन्धमा उचित किसिमको निर्णयमा पुग्न आवधिक योजनाले पथ प्रदर्शनको कार्य गर्दछ ।

कुनै पनि लक्ष्य हासिल गर्नको लागि योजना तर्जुमा राम्रोसँग हुनु आवश्यक हुन्छ भने यसको कार्यन्वयन पनि उत्तिकै महत्वपूर्ण कुरा हो । योजनाको निर्माण तथा कार्यन्वयनको लागि दक्ष यस सम्बन्धी दक्ष जनशक्ति एउटा अनिवार्य शर्त हो । योजना निर्माण एउटा जटिल र समय लाग्ने काम हो । अझ त्यसमा पनि योजना तर्जुमामा संलग्न व्यक्तिहरुमा योजना तर्जुमा सम्बन्धी विभिन्न पद्धति तथा प्रक्रियाको ज्ञान हुनु अत्यन्त महत्वपुर्ण कुरा हो । यति मात्र होईन योजना तर्जुमा एउटा मुल्य र मान्यतामा आधारित हुनु पर्छ । जस्तो की योजनाले जहिले पनि पछाडि परेका समूह जस्तै बालबालिका, महिला, अपाङ्गता भएका आदि  वा समुदायहरु जस्तै दलित, अल्पसंख्यक आदि(नेपालको सन्दर्भमा)लाई अगाडि ल्याउने वा मूल प्रवाहीकरण गर्नमा निश्चित परिमाणात्म लक्ष्य सहित त्यस तर्फ उन्मुख भएको हुनु पर्दछ ।

जिल्ला विकास समितिका अधिकारीहरुको लागि आयोजना गरिएको यस प्रकारको तालिमले जिल्लामा योजना निर्माणको गुणस्तरियता र प्रभावकारिता बृद्धि भइ जिल्लाको विकासमा महत्वपूर्ण योगदान पुग्ने कार्यक्रमका सहभागी तथा रहेको छ भने मन्त्रालय तथा दातृ निकायहरुले पनि यसबाट जिल्लाको विकासमा योगदान पुग्ने अपेक्षा राखेका छन् ।




# हार्दिक बधाई तथा शुभकामना



जिल्ला विकास समिति महासंघ नेपालका केन्द्रीय सदस्य (जिल्ला विकास समिति हुम्लाको पूर्व सभापति) तथा हुम्ला जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्नुहुने निर्वाचित सांसद श्री जीवनबहादुर शाही नेपाली कांग्रेसको १३ औं महाधिवेशनमा प्रदेश नं. ६ बाट नेपाली कांग्रेसको केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुमकामना व्यक्त गर्दछौं ।

जिल्ला विकास समिति महासंघ नेपाल परिवार ।

# "Sharing workshop on Mainstreaming Adaptation and Learning"

विज्ञान तथा प्रविधि मन्त्रालयको आयोजनामा २०७२ मंसिरमा मन्त्रालयकै सभाकक्षमा "Sharing workshop on Mainstreaming Adaptation and Learning" विषयक कार्यशाला सम्पन्न भएको थियो । उक्त कार्यक्रममा जिल्ला विकास समिति महासंघ नेपालका प्रवक्ता कृष्णप्रसाद जैशीको सहभागिता रहेको थियो । Sustainable Development Goals का विभिन्न लक्ष प्राप्तिका लागि स्थानीय सरकार तथा समुदायको महत्वपूर्ण भूमिका हुने भएकोले प्रारम्भ देखि नै केन्द्र तथा प्रदेश सहित स्थानीय तहको सरकारलाई पनि श्रोत तथा जनशक्तिले सम्पन्न तुल्याई अघि बढ्न सके नेपालले थप प्रगति गर्न सक्ने विचार प्रवक्ता कृष्ण प्रसाद जैशीले राख्नु भएको थियो ।

# नव नियुक्त कार्यकारी महासचिव डा. न्यौपानेसँग छोटो कुराकानी



जिल्ला विकास समिति महासंघ नेपालको कार्यकारी महासचिव पदमा मिति २०७२ मंसिर २८ गतेदेखि डा. शेषरमण न्यौपाने नियुक्त हुनुभएको छ। न्यौपाने लामो समयसम्म स्थानीय निकायहरूमा अधिकृत र पछिल्लो ४ वर्ष एकाउन्टविलिटी इनिसियटिभ प्रा.लि.को प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्यरत हुनुहुन्थ्यो। २०२४ साल चैत्र १३ गते तनहुँमा जन्मनु भएका न्यौपानेको २० वर्ष बीरगंज र हाल टोखा नगरपालिका १२, काठमाडौंमा बसोबास रहेको छ । त्रिभुवन विश्व बिद्यालयबाट समाजशास्त्रका विद्यावारिधि गर्नुभएका न्यौपाने पूर्ण विकेन्द्रीकरणको पक्षपाती भन्न रुचाउनु हुन्छ। यसै सन्दर्भमा भएको छोटो कुराकानी :

**महासंघको कार्यकारी महासचिवको जिम्मेवारी केका लागि लिनुभएको हो, प्रष्ट पारिदिनु हुन्छ कि ?**

बीरगंज उपमहानगरपालिका र जिल्ला विकास समिति पर्साको अधिकृतको रूपमा कार्यरत रहँदा र पछिल्लो समय विभिन्न नगरपालिका, गाउँ विकास समिति , जिल्ला विकास समिति र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका लागि परामर्श सेवा उपलब्ध गराउँदाको अनुभवलाई उच्चतम प्रयोग गरी महासंघको उद्देश्य अनुरूप कार्य गर्नका लागि यो जिम्मेवारी लिएको हुँ।

**विकेन्द्रीकरणको अभ्यासमा त नेपाल निकै अगाडि छ भनिन्छ नि होइन र ?**

वास्तवमा हो, स्थानीय स्वायत्त शासन ऐन र त्यससँग सम्बन्धित नियमहरूले स्थानीय स्वायत्तता दिएकै हो । मुलुकमा अब साँच्चै केही हुन्छ भन्ने आशा पलाएकै थियो । धैरै जिल्ला विकास समितिहरूले आवधिक योजना बनाएका थिए । २०५९ सालमा हुनु पर्ने स्थानीय निर्वाचन हुन नसकेपछि यो कमजोर भएको छ। कहिले कर्मचारीको बोर्ड, कहिले सर्वदलीय संयन्त्र र कहिले एकल बोर्डको रूपमा स्थानीय निकाय संचालित छन् । निर्वाचन स्वाभाविक प्रक्रियालाई अवरुद्ध गरेर कृत्रिम शैली अपनाएकाले यो अभ्यासमा धमिरा लागे पनि बनेका दस्तावेज र गरिएका अभ्यासहरू उत्साहजनक छन् । अब त संविधानमा नै स्थानीय तहको व्यवस्था भए पछि विश्वमै उदाहरणीय बनेको छ। मात्र यति हो कि, स्थानीय निर्वाचन कहिले हुन्छ ? कार्यान्वयन गर्ने आधिकारिक सयन्त्र नभई आशातीत अवस्था नआउने निश्चित छ।

**मुलुकको समृद्धि केमा देख्नुहुन्छ ?**

निर्वाह र उपभोगमुखी अर्थ प्रणालीलाई सुधार गर्न आवश्यक छ । व्यावसायिकतामा अझै हामीलाई विश्वास छैन। जलस्रोतका लागि ठूलो लगानी र पर्यटनका लागि सक्षम र स्थीर राजनैतिक व्यवस्था अपरिहार्य छ। यी पक्षहरूमा अझै आश्वस्त हुने अवस्था आइसकेको छैन। मैले धैरै समय कर्णालीमा पनि बिताएको छ। त्यहाँ गरिएको सहयोगले परनिर्भरता बढाएको छ भन्ने मेरो निष्कर्ष छ। हामीले काम गर्नभन्दा सहयोग लिने प्रयास गर्न सिकायौं । मौलिक उत्पादन र उपभोग घट्दै गएको छ भने गुणस्तरहीन सामग्रीको प्रयोगको फेसन बढेको छ । मकै र मोही खाने प्रचलनबाट चाउचाउ र कोक खाने प्रचलन बढ्दो छ, । यसबाट हामीले कस्तो स्वास्थ्य र अर्थतन्त्रको अपेक्षा गर्न सक्छौं ? त्यसैले मुलुकको समृद्धिका लागि यसतर्फ समयमै सचेत भई स्थानीय उत्पादन र उपभोगमा जोड दिनु पर्छ।

**महासंघको प्राथमिकता के हुनु पर्छ ?**

महासंघको प्रमुख प्राथमिकता भनेको स्थानीय स्तरमा विकासको संयोजन र कार्यान्वयन गरिरहेका जिल्ला विकास समितिहरूको क्षमतामा विकास गर्नु हो । स्थानीय निर्वाचन नभएको अहिलेको अवस्थामा अझ यसको खाँचो महसुस गरिएको छ। पहिलो कार्य प्रवेशको विन्दु यो रहने छ भने स्थानीय निकायको निर्वाचन हुने वातावरण तयार गर्न वहस पैरवी र केही हदसम्म दबाब सिर्जना अर्को प्राथमिकतामा पर्दछ । स्थानीय तह लोकतन्त्रको मेरुदण्ड हो, जहाँ लोकतान्त्रिक अभ्यास नहुँदा राजनैतिक अवस्था बिग्रिएको छ । सम्पूर्ण विकासको आधार भनेको राजनैतिक सुव्यवस्था हो। यसलाई जरैदेखि मजबुत गर्नु पर्नेमा १८ वर्षदेखि स्थानीय निकायको निर्वाचन नहुँदा यो खलबलिएको छ । यसमा चौतर्फी चासो बढेको छ। आशा गरौं स्थानीय तहलाई बनाइएको बन्दी अब धरै समय रहँदैन।

**स्थानीय निर्वाचन कहिले होला ?**

हामीले लोकतान्त्रिक गणतन्त्रको स्थापना माथिल्लो निर्णयबाट गरेका छौं। यसलाई अभ्यासका लागि अब तल्लो तहमा जानु पर्छ। स्थानीय निर्वाचन नहुँदा विकास निर्माण, जनसेवा र पुन: निर्माणमा देखिएका कठिनाइहरूको महसुस सबैलाई भएको छ। यसको वातावरण बन्न केही समय लाग्ला तर छिटोमा आषाढको पहिलो हप्ता नभए कार्तिक सम्म हुनेछ। यसमा पहल, पैरवी, तयारीमा सहयोग र निर्णय गर्ने सबैलाई मुलकले सम्झनेछ र इतिहासले सम्मान गर्नेछ।

**अन्त्यमा ?**

जिल्ला विकास समिति महासंघ नेपालको कार्यकारी महासचिवको नयाँ जिम्मेवारीमा अवसर र चुनौती दुबै छन् । निष्ठापूर्वक सबैको साथले अगाडि बढ्दा अवश्य उद्देश्य पूरा हुनेमा म विश्वस्त छु।

# Local Governance Initiative Asia को तेश्रो वार्षिक साधारण सभामा जिविस महासंघ नेपाल



सन् २०१३ मा एशियाका १० वटा मुलुकका स्थानीय शासनसंग सम्बन्धित सरोकारवाला संस्थाहरूको हाल दर्ता गर्ने प्रक्रियामा रहेको Local Governance Initiative Asia (LOGIN Asia) को तेश्रो वार्षिक साधारण सभा यही डिसेम्बर ८ देखि १०, २०१५ मा कम्वोडियाको राजधानी नोमपेन्हमा सम्पन्न भयो । स्थापनाकाल देखि नै नेपालको तर्फबाट सदस्यको रूपमा भूमिका खेल्दै आएको जिल्ला विकास समिति महासंघ नेपालको उक्त कार्यक्रममा सक्रीय सहभागिता रहेको थियो । जिल्ला विकास समिति महासंघ नेपालका प्रवक्ता कृष्ण प्रसाद जैशीले प्रतिनिधित्व गर्नु भएको उक्त कार्यक्रममा जिविस महासंघ नेपालले संघीय शासन प्रणालीमा नयाँ प्रवेश गरेको नेपालले स्थानीय सरकार, प्रदेश र केन्द्रीय सरकारको कार्यविभाजन तथा स्थानीय तथा प्रदेशसरकारले आफ्नो स्वआर्जन तथा राजश्वमा हिस्सेदारी गरी मानवश्रोतको उचित विन्यासबाट गरिने उन्नत सेवा प्रवाहबारे अनुभवी देशहरूबाट सिक्न चाहेको विषय अभिव्यक्त गर्नु भएको थियो । साथै नेपालले सूत्रमा आधारित वित्तीय स्थानान्तरण तथा न्यूनतम शर्त तथा कार्यसम्पादनका आधारमा स्थानीय सरकारहरूलाई दिइने अनुदानमा पुरस्कार र अनुदान कटौतिको अभ्यासहरू नेपालले अन्य मुलुकहरूलाई सिकाई आदानप्रदान गर्न सक्ने विषय पनि उठाइएको थियो । स्थानीय निकायका संघहरू, गैससहरू, सरकारी तालिम केन्द्रहरू, स्थानीय निकायसंग सम्वन्धित मन्त्रालयका कर्मचारीहरू, विश्वविद्यालय तथा नागरिक समाजका प्रतिनिधिहरू समावेश गरिएको यस वहुसरोकारवाला सञ्जालमा स्थानीय सुशासन र स्थानीय सरकारहरूको सशक्तिकरणका लागि विकेन्द्रीकरण लगायतका मुद्दाहरूमा ध्यान केन्द्रित गर्दै सोही अनुसारको समानुपातिक सदस्यहरूको सहभागिता रहनु पर्ने विषय समेत छलफल गरिएको थियो । प्रत्येक देशमा Country Platform रहने र एक जना Country Facilitator ले समन्वय र बैठक गरी दिल्ली स्थित सचिवालयमा प्रतिवेदन पठाइने अभ्यास रहेको यस सञ्चालमा नेपालको Platform मा सदस्य थप गरिने योजना रहेको छ ।

# "संघीयतामा अन्तर सरकार सम्वन्ध तथा समन्वय" सम्वन्धी अनतरक्रियाको सह-आयोजना

क्यानाडामा कार्यालय रहेको **फोरम अफ फेडेरेशन** संग सहकार्य बढाइने योजना अनुसार जिल्ला विकास समिति महासंघ नेपाल र विकेन्द्रीकरण सहयोग समाजले सांसदहरू, नागरिक समाज, राजनीतिक दलहरू, पत्रकार, विश्वविद्यालयका प्राध्यापकहरू, कानूनविदहरू, महिला, जनजाति तथा अन्य पिछडिएका वर्गलगायतलाई संघीयताका अनुभवहरूका विविध विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिरहेको छ । काठमाण्डौं, नेपालगञ्जको कार्यक्रममा उल्लेख्य सहभागिता पछि यही २०७२ पौष २२ गते चितवन जिल्लामा उक्त कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा भारतका डा. यशनारायन राय, क्यानाडाका लेस्ली सिडल, अष्ट्रेलियाकी प्रोफेशर रोबेर्टा रायन, ट्युनिशिया र क्यानाडाका थप २ जना र नेपालका डा. शेषरमण न्योपाने (हाल जिविस महासंघ नेपालका कार्यकारी महासचिव) विज्ञले कार्यपत्र र अनुभव प्रस्तुत गर्नु भएको थियो ।



# १८औं भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको बैठकमा सहभागिता

०७२ पौष ९ गते गृह मन्त्री मा. शक्ति बस्नेतको अध्यक्षतामा बसेको १८औं भूकम्प सुरक्षा दिवस मूल समारोह समितिको बैठकमा जिल्ला विकास समिति महासंघ नेपालको तर्फबाट प्रवक्ता कृष्णप्रसाद जैशीको सहभागिता रहेको थियो । मूल समारोह काठमाडौं बसन्तपुरमा माघ २ गते गरिने र उपत्यकाका अन्य स्थानमा तथा उपत्यका बाहिरका जिल्ला, नगर र गाविसहरूमा गरिने विविध चेतनामूलक कार्यक्रममा विद्यालय र क्याम्पसहरूलाई पनि सहभागि गराई व्यापकता ल्याउन दिइएको सुझावलाई बैठकले सर्वसम्मतिले स्वीकार गरी कार्यक्रम परिमार्जन गरिएको थियो । त्यसैगरी यही ०७२ पौष १६ गते भूकम्प सुरक्षा दिवसका लागि गठित प्रचार प्रसार उपसमितिको बैठक शहरी विकास तथा भवन निर्माण विभागका निर्देशकको अध्यक्षतामा विभागकै कार्यालय बबरमहलमा बसी यस वर्षको प्रचारको व्यानर लोगो तथा अन्य तयारीबारे छलफल भएको थियो । सो बैठकमा पनि महासंघका प्रवक्ता कृष्णप्रसाद जैशीले उपस्थिति जनाई सुझाव दिने कार्य गर्नु भएको थियो ।

# Activities of ADDCN

Spokesperson of ADDCN Mr. Krishna Prasad Jaishi participated and express views to involve entities of local level governments and people interested and marginalized for more achievement towards SDG, on behalf of association on a civil society Organization's interaction workshop on "SE4ALL country agenda" on 11th March and sharing workshop on "Findings of Market System analysis of Organic Fertilizer in Nepal" on 15th March 2016 in Hotel Himalaya.

Accordingly ADDCN participated in a multi-stakeholder policy discussion workshop in Hotel Yak and Yeti, Kathmandu on "Migration for Development: Harnessing Potentials of Migration for Local Development" organized by National Planning Commition and Joint Migration Development Initiative (JMDI) 0n 21st March 2016. In the discussion, productive use of remittance and local management of internal and external migrants was discussed and suggested.

On 21st March 2016, in the afternoon, spokesperson participated and shared views for participation of children above 13 and below 18 years in different activities of election and development process, on a discussion of child rights and election on the theme "Recognizing and Respecting Non-Voting Citizen" in Hotel Himalaya, Lalitpur organized by council of thinkers Nepal.




## टेलिभिजन कार्यक्रम स्थानीय सरोकार

स्थानीय निकायका संघ/महासंघहरू जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ तथा जिल्ला विकास समिति काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त कार्यक्रमका रूपमा नेपाल टेलिभिजनमा प्रत्येक हप्ताको आइतबार विहान ८:३० बजे र बेलुका ११:३० बजे, सोमबार साँझ ६:०५ देखि र पुन: प्रशारण मंगलबार विहान १०:३० बजे हाल टेलिभिजन कार्यक्रम **स्थानीय सरोकार** संचालन भैरहेको छ ।

सो टेलिभिजन कार्यक्रम हेरेर त्यसलाई अझबढि स्तरिय र प्रभावकारी बनाउन के/कस्ता सुधार गर्न सकिन्छ, सुझाव दिनुहुन सबैमा अनुरोध गरिन्छ ।

***सम्पर्कका लागि***
*संचार विकास तथा अनुसन्धान केन्द्र नेपाल*
*शिव रेग्मी, ९७५१००७७२२, ९८४१४२४६६०*
*ईमेल : mdrc100@gmail.com, shivaregmi@gmail.com*

***सम्पादन :*** *डा. शेष रमण न्यौपाने,* ***सम्पादन सहयोगी :*** *विष्णु प्रसाद नेपाल,* ***सामग्री संकलन तथा लेआउट :*** *दिनेश श्रेष्ठ*

जिल्ला विकास समिति महासंघ नेपाल   Association of District Development Committees of Nepal (ADDCN)
☎: 977-15554081, 5529202   **Fax #** 977-1-5548469   Sanepa Mode, Lalitpur, **P.O.Box #** 12022, Kathmandu
**E-mail :** addcn@addcn.org.np   **URL:** www.addcn.org.np